स्थानीय राजपत्र

हरिनास गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ८) चित्रेभञ्ज्याङ, स्याङ्जा, २०८१ (सख्या -१)

भाग -२

स्थानीय सरकार

हरिनास गाउँपालिका

चित्रेभञ्ज्याङ् ,स्याङ्जा ,गण्डकी प्रदेश, नेपाल

हरिनास गाउँपालिका गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मध्यम र सामान्य अपाङ्गता (ग र घ वर्ग) भएका व्यक्तिहरुलाई निशुल्क स्वास्थ्य बीमा कार्यक्रम सम्बन्धी कार्यविधि, २०८१ सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावनाः** नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, २०७४ तथा संयुक्त राष्ट्र संघले पारित गरी नेपाल सरकारले हस्ताक्षर गरेको अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धी, २००६ को उद्देश्य, मर्म र भावना बमोजिम अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा १६ को उपदफा १ तथा दफा ३२ को उपदफा १ (ग) मा व्यवस्था भए बमोजिम अपाङ्गता भएका व्यक्तिहरुको मौलिक हक अधिकारको संरक्षण गर्दै स्वास्थ्य सेवामा अपाङ्गता भएका व्यक्तिहरुको सहज र सरल पहुँच सुनिश्चित गराउन हरिनास गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ऐन), २०७५ को दफा ४ को अधिकार प्रयोग गरी हरिनास गाउँपालिका गाउँ कार्यपालिकाबाट **मध्यम र सामान्य अपाङ्गता भएका व्यक्तिहरुलाई निशुल्क स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि, २०८१** जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** १) यस कार्यविधिको नाम मध्यम र सामान्य अपाङ्गता (ग र घ वर्ग) भएका व्यक्तिहरुलाई निशुल्क स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि, २०८१ रहेको छ।

२) यो कार्यविधि हरिनास गाउँ कार्यपालिकाको बैठकले पारित गरे पश्चात लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) “स्वास्थ्य बीमा" भन्नाले नेपाल सरकारले जारी गरेको स्वास्थ्य बीमा ऐन, २०७४ बमोजिम भएका व्यवस्थालाई सम्झनुपर्दछ ।

ख) “बीमित" भन्नाले स्वास्थ्य बीमा कार्यक्रममा सहभागी भई योगदान रकम (प्रिमियम) भुक्तानी गरेको परिवारलाई सम्झनुपर्दछ ।

ग) “योगदान रकम (प्रिमियम)" भन्नाले नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बीमामा सहभागी हुदाँ बीमितको तर्फबाट बुझाउने सबै रकम सम्झनुपर्दछ ।

घ) “ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्दछ ।

ङ) “परिचयपत्र" भन्नाले अपाङ्गता भएका व्यक्तिलाई दिइने परिचयपत्र सम्झनुपर्दछ ।

च) “कार्यविधि" भन्नाले हरिनास गाउँपालिकाको मध्यम र सामान्य अपाङ्गता (ग र घ वर्ग) भएका व्यक्तिहरुलाई निशुल्क स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि, २०८१ सम्झनुपर्दछ ।

छ) “समिति" भन्नाले दफा ४ बमोजिम गठित समितिलाई सम्झनुपर्दछ ।

ज) “दर्ता सहयोगी" भन्नाले नेपाल सरकारले जारी गरेको स्वास्थ्य बीमा ऐन, २०७४ बमोजिम भएको व्यवस्थालाई सम्झनुपर्दछ ।

झ) “लाभग्राही" भन्नाले हरिनास गाउँपालिका कार्यालयबाट वितरण गरिएको मध्यम अपाङ्गता र सामान्य अपाङ्गता (ग र घ वर्ग) परिचयपत्र प्राप्त व्यक्तिहरु सम्झनुपर्दछ ।

## ३. कार्यविधि लागू हुने क्षेत्र र सेवा

क) हरिनास गाउँपालिका कार्यालयबाट वितरण गरिएको मध्यम अपाङ्गता र सामान्य अपाङ्गता (ग र घ वर्ग) परिचयपत्र प्राप्त व्यक्तिहरु लाभग्राही हुनेछन् र हरिनास गाउँपालिका सेवा क्षेत्र हुनेछ ।

## ४. बीमा सञ्चालन समन्वय समिति

सामान्य अपाङ्गता (ग र घ वर्ग) भएका व्यक्तिहरुलाई निशुल्क स्वास्थ्य बीमा कार्यक्रम सम्बन्धी कार्यवि

१) हरिनास गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा निशुल्क स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि, २०८१ सञ्चालन तथा समन्वय समिति हुनेछः

- अध्यक्षः संयोजक
- उपाध्यक्षः सदस्य
- प्रमुख प्रशासकीय अधिकृतः सदस्य
- सामाजिक विकास समिति संयोजकः सदस्य
- सेवा प्रदायक संस्था वा प्रतिनिधिः सदस्य
- स्वास्थ्य शाखा प्रमुखः सदस्य
- अन्य विज्ञ व्यक्तित्वलाई आमन्त्रण समेत गर्न सकिनेछ ।

## ५. समन्वय समितिको काम, कर्तव्य र भूमिका

क) आवश्यक भएमा निशुल्क स्वास्थ्य बीमा कार्यविधि संशोधन गर्न गाउँ कार्यपालिकामा सिफारिस गर्ने,

ख) निशुल्क स्वास्थ्य बीमा कार्यक्रमको समीक्षा गर्ने,

ग) आवश्यक बजेटको लागि गाउँ कार्यपालिकामा सिफारिस गर्ने,

घ) प्रक्रिया विपरित आएमा आवेदनलाई सूचीबाट हटाउने ।

## ६. निशुल्क स्वास्थ्य बीमा कार्यक्रमको लक्षित वर्ग र मापदण्ड

१. नेपाली नागरिक,

२. हरिनास गाउँपालिका भित्रको स्थायी बासिन्दा,

३. हरिनास गाउँपालिका कार्यालयबाट वितरण गरिएको मध्यम अपाङ्गता र सामान्य अपाङ्गता (ग र घ वर्ग) परिचयपत्र प्राप्त व्यक्तिहरु,

सामान्य अपाङ्गता र घ वर्ग भएका व्यक्तिहरुलाई निशुल्क स्वास्थ्य बीमा कार्यक्रम सम्बन्धी कार्यवि

४. नेपाल सरकारद्वारा मान्यता प्राप्त नेपाल स्वास्थ्य बीमा बोर्डले नियुक्त गरेका हरिनास गाउँपालिका अन्तर्गतका वडामा स्वास्थ्य बीमा दर्ता सहयोगी मार्फत घर घरमा गई बीमा गराउने कार्य गरिनेछ ।

**७. निशुल्क बीमा बनाउने प्रक्रियाः**

- निवेदकले आफ्नो परिचय खुल्ने कागजात सहित निवेदन पेश गर्नुपर्नेछ
- स्वास्थ्य बीमा दर्ता सहयोगीले घरमै गई सेवा प्रदान गर्नुपर्नेछ
- स्वास्थ्य बीमा दर्ता सहयोगीले बीमा कम्पनीले दिइएको सहुलियतमा कार्य गर्नुपर्नेछ
- स्वास्थ्य बीमा दर्ता सहयोगीले बीमितहरुको अभिलेखहरु फाइलिङ गरी गाउँपालिकामा पेश गर्नुपर्नेछ
- तोकिएको लक्षित वर्गलाई गाउँपालिका मार्फत निशुल्क स्वास्थ्य बीमा गर्न चाहनेहरुका लागि निवेदन पेश गर्न अनुसूची १ बमोजिमको सूचना प्रकाशन गरिनेछ
- बीमाको समयावधि १ वर्षको हुनेछ ।

**८. विविधः**

क) यस कार्यविधि अनुसार लक्षित वर्गका व्यक्तिहरुले स्वास्थ्य बीमा ऐन अनुसार स्वीकृत स्वास्थ्य संस्थाहरुमा बीमा गरिने र बीमा बापतको व्यक्तिले तिर्नुपर्ने रकमको हकमा सम्बन्धित एजेन्ट स्वास्थ्य बीमा बोर्ड बीच सम्झौता गरी गाउँपालिकाबाट भुक्तान गरिनेछ । स्वास्थ्य बीमा दर्ता सहयोगीलाई सम्बन्धित स्वास्थ्य बीमा बोर्डको नियमानुसार भुक्तानी हुनेछ ।

ख) यस कार्यविधि कार्यान्वयनको क्रममा थप व्यवस्था गर्न परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी गाउँ कार्यपालिका बैठकले आवश्यक निर्णय गर्न सक्नेछ ।

## ९. खारेजी र बचाउ

१) यस कार्यविधिमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा अड्चन परेमा वा अन्य आवश्यक निर्णय  र व्यवस्था गर्नु परेमा प्रचलित कानूनको अधिनमा रही कार्यपालिकाले व्याख्या/परिमार्जन/संशोधन र खारेजी गर्न सक्नेछ ।

आज्ञाले,

शिव कुमार पौडेल

प्रमुख प्रशासकीय अधिकृत

सामान्य अपाङ्गता (ग र घ वर्ग) भएका व्यक्तिहरूलाई निशुल्क स्वास्थ्य बिमा कार्यक्रम सम्बन्धी कार्यवि